नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(ग्रमिण विकास समन्वय शाखा)
सिंहदरबार, काठमाडौं

फोन: ४२००५११, ४२००३०४
इमेल: lbss_mid@yahoo.com

पत्र संख्या:- २०७३।०७४

चलानी नं.:- २.१.१ (१८)

मिति:- २०७३।१०।२५

विषय: प्राविधिक नियुक्तिको विवरण पठाउने सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय
५९ जिल्ला (झापा, संखुवासभा, सुनसरी, मोरङ, काठमाडौं, चितवन, पर्वत, वाग्लुङ्ग, मुस्ताङ, डोल्पा, कालिकोट, रुकुम, दाङ, सुर्खेत, दैलेख र डडेलधुरा बाहेक) ।

प्रस्तुत विषयमा, नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७३/०६/०६ गतेको बैठकबाट स्वीकृत "निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७१" को नियम १३ (क) प्राविधिक सम्बन्धी व्यवस्थामा: नियमावलीको नियम १३ बमोजिमको कन्टिन्जेन्सी रकमबाट जिल्ला प्राविधिक कार्यालयले लागत अनुमान, मूल्याङ्कन र अनुगमन गर्ने कार्यका लागि प्राविधिक कर्मचारी प्रतिस्पर्धाको माध्यमबाट करारमा नियुक्त गर्ने सम्बन्धी व्यहोरा तहाँ कार्यालयलाई अवगत भएकै छ । साथै "निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको जनशक्ति व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि, २०७३" प्रत्येक जिल्ला प्राविधिक कार्यालयले स्वीकृत गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने भनी यस मन्त्रालयको मिति २०७३/०६/२१ च.नं. २.१.१(७) र मिति २०७३/९/१२ च.नं. २.१.१ (१२) को परिपत्र मन्त्रालयको Website मार्फत ७५ वटै जिविस र जिल्ला प्राविधिक कार्यालयलाई जानकारी गराइएको थियो । तर तहाँ जिल्लाहरूबाट हाल सम्म पनि उक्त विवरण उपलब्ध हुन नसकेकोले पुन: यो पत्र मार्फत ताकेता गर्ने कार्य भएको छ । तसर्थ सो बमोजिमको प्राविधिक कर्मचारीको नियुक्ति विवरण अनिवार्य ७ दिन भित्र ग्रामीण विकास समन्वय शाखाको निम्न ठेगानामा पठाउन हुन आदेशानुसार अनुरोध छ ।

ठेगाना:
ग्रामीण विकास समन्वय शाखा
फ्याक्स: ०१-४२००३०४
ईमेल: lbss_mld@yahoo.com

२०७३।१०।२५
(डालविक्रम कँडेल)
शाखा अधिकृत

अवगतार्थ:
श्रीमान सचिवज्यू, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

बोधार्थ:
श्री सूचना तथा विद्युतीय शासन शाखा: मन्त्रालयको website मा राखिदिनु हुन अनुरोध छ ।